# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३५) काठमाडौं, कात्तिक ७ गते २०४२ साल (अतिरिक्ताङ्क ३४ (क)

## भाग १

## शाही सन्देश

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

### राजदरबार

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट वि. सं. २०४२ साल कात्तिक ७ गते विजया दशमीको शुभ उपलक्ष्यमा देशवासीका नाममा बक्सेको सन्देश।

प्यारा देशवासीहरू,

१. हिन्दूमात्रको महान चाड बडादशैंको सुखद उपलक्ष्यमा स्वदेश वा विदेशमा रहेबसेका सबै नेपालीहरूको सुख र समृद्धिको लागि शुभकामना व्यक्त गर्न पाउँदा हामीलाई खुशी लागेको छ। असत्यमाथि सत्य र दानवीय शक्तिमाथि दैवी शक्तिको विजय हुन्छ भन्ने शाश्वत सन्देश दिने विजया दशमीले हामीलाई संकुचित स्वार्थबाट माथि उठी आफ्नो समाज र राष्ट्रको वृहत्तर हितको लागि समर्पित हुन प्रेरणा दिन्छ।

२. वास्तवमा यो बेला राष्ट्र निर्माणको हो। हामीले अधिकारलाई कर्तव्यसित र स्वतन्त्रतालाई मर्यादा र सुव्यवस्थासित गाँस्दै लैजानु परेको छ। देश निर्माणको कठीन काममा सबैबाट रचनात्मक सहयोग खोजिएको मात्र होइन देशको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सेवा गर्ने ढोका सबैका लागि समानरूपले खोलिएकै पनि छ। तर देशप्रेमको सट्टा रागद्वेष बढाएर वा अहंकारी प्रवृत्ति देखाएर विश्वको कुनै समाज न बनेको छ न बन्न सक्छ। वस्तुगत सोचाइ, व्यावहारिक ज्ञान र सहयोगको भावना अनि आफूमात्र होइन समष्टिलाई लिएर हिंड्ने सिर्जनात्मक चिन्तन नै आजको आवश्यकता हुनआएको छ । यस्तो काममा सरकारी तथा गैरसरकारी निकायहरूका साथै देशका तमाम बुद्धिजीवीहरूको पनि जिम्मेवारी छ ।

३. यही भावना अनुरूप हामी सबैमा एकता, अनुशासन, जाँगर मिहिनेत र लगनशीलताका साथ देश विकासको काममा समर्पित हुने अठोट लिन माता दुर्गा भवानीले सामर्थ्य प्रदान गरून् । यही हाम्रो प्रार्थना छ ।

श्री नवदुर्गा भवानीले हामी सबैको रक्षा गरून् ।

जय नेपाल !

हुकुम बक्से बमोजिम
रञ्जनराज खनाल
श्री ५ महाराजाधिराजका प्रमुख सचिव



श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४८८